श्री

# बर्दिया जिल्ला अदालत

## गुलरिया

(प्रशासन शाखा)

पत्र संख्या :– ०७८।०७९

मिति :– २०७८/०८/०९

सूचना। सूचना।। सूचना।।।

यस अदालतमा मिति २०७८/०८/११ गते देखि रिक्त हुने वैतनिक कानून व्यवसायीको पदमा रही काम गर्न इच्छुक अधिवक्ताहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र रु.१०/- को रसिद सहित देहायमा उल्लेखित कागजातहरुको प्रतिलिपी संलग्न राखी यस अदालतको प्रशासन शाखामा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागी यस अदालतको मिति २०७८/०८/०९ गतेको निर्णयानुसार जिल्ला अदालत नियमावली, २०७५ को नियम १०१(३) बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

१. पदः- वैतनिक कानून व्यवसायी

२. संख्या : १(एक)

३. मासिक तलबः रा.प. तृतीय श्रेणीको अधिकृतले पाउने न्यूनतम मासिक पारिश्रमिक(शुरु स्केल)

४. संलग्न गर्नुपर्ने कागजातहरुः

(क) नेपाली नागरिकताको प्रतिलिपी ।

(ख) कानून विषय लिई कम्तीमा स्नातक उत्तिर्ण गरेको प्रमाणपत्रको प्रतिलिपी ।

(ग) अधिवक्ताको प्रमाणपत्रको प्रतिलिपी ।

(घ) सम्बन्धित विषयमा कुनै तालिम वा विज्ञता हासिल गरेको भए सोको स्वयमले प्रमाणित गरेको प्रतिलिपी ।

५. गर्नु पर्ने कामः- जिल्ला अदालत नियमावली, २०७५ को नियम १०२ बमोजिमका कामहरु र यस अदालतमा तयार गरेको आ.ब. २०७८/०७९ को बार्षिक कार्ययोजना बमोजिम जिल्ला स्थित कारागार कार्यालयमा रहेका असहाय र आर्थिक रुपमा विपन्न थुनुवा तथा कैदीहरुलाई निशुल्क कानूनी सेवा प्रदान गर्न सो स्थानमा गई कानूनी सेवा उपलब्ध गराउनु पर्ने र वैतनिक कानून व्यवसायीलाई प्रभावकारी बनाउने सम्बन्धमा निर्देशिकाले तोकेको गर्नु पर्ने विभिन्न कामहरु गर्ने र भविष्यमा गर्नुपर्ने कामको सुझाव समेत प्रदान गर्ने ।

६. छनौटको किसिमः- अन्तर्वार्ता र तोकिएका अन्य आधारहरुमा हुने ।

७. नियुक्ति लिनुपर्ने अवधिः- छनौट भएको मितिले ७(सात) दिन भित्र ।

८. दरखास्त दिनु पर्ने अन्तिम मिति २०७८/०८/२३ गते सम्म ।

९. सम्पर्क मिति :- दरखास्त दिने अन्तिम दिनको भोलिपल्ट ।

१०. अन्तर्वार्ता मितिः पछि प्रकाशन गरिनेछ ।

११. काम गर्नु पर्ने अवधिः १(एक) वर्ष ।

२०७८/०८/०९

.....................

निलकण्ठ बराल

श्रेस्तेदार उपसचिव